पुथा उत्तरगङ्गा गाउँपालिका

गाउँ कार्यपालिका बैठकको प्रस्ताव एवं निर्णयहरु

बैठक सङ्ख्याः ५१, बैठक मितिः २०८२।१०।२६, समयः बिहान ११:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५० औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५१ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | बजेट सकमान्तर तथा शिर्षकान्तर सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेटबाट निर्माण भएका विभिन्न आयोजनाहरुमा रकम अपुग भएकोले तपसिलका आयोजनाहरुमा रकम थपघट गर्ने साथै स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को योजनाहरुमा ठेक्का सम्झौता भई बचेको रकमलाई नयाँ योजना निर्माण गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो । | |
| ३ | बेरुजु सम्परिक्षण सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लेखापरिक्षण प्रतिवेदनमा उल्लेखित नियमित गर्नुपर्ने बेरुजु सम्बन्धी लेखा समितिले गरेको निर्णयलाई अनुमोदन गरी तपसिलका बेरुजुहरु नियमितको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो । | |
| ४ | विभिन्न विषयगत समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका अन्तरगतको तपसिलका विषयगत समितिको प्रतिवेदन प्रस्तुत तथा स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।<br><br>तपसिल<br>१. लेखा समितिको प्रतिवेदन<br>२. राजश्व परामर्श समितिको प्रतिवेदन<br>३. आर्थिक विका समितिको प्रतिवेदन<br>४. सामाजिक विकास समितिको प्रतवेदन<br>५. न्यायीक समितिको प्रतिवेन<br>६. भौतिक पूर्वाधार तथा योजना समितिको प्रतिवेदन<br>७. वन बातावरण तथा विपत व्यवस्थापन समतिको प्रतिवेदन | |
| ५ | शहिदमार्गको काक्री तकसेरा मैकोट | शहिदमार्ग अन्तर्गत कोइलाबास-लमही, अर्जुनखोला-घोराही-होलेरी- घर्तिगाउँ- थबाङ काक्रि तकसेरा मैकोट शहरतारा डोल्पा सूचि स्वीकृत गर्दा कोइलाबास-लमही, | |

ध्रुव वि.क.

| | | | |
|---|---|---|---|
| | शहरतार डोल्पा सडक खण्ड सूचि स्वीकृत सम्बन्धमा । | अर्जुनखोला-घोराही-होलेरी- धर्तीगाउँ- थबाङ्ग काक्रि सम्म मात्र सूचि स्वीकृती भएको र काक्रि तकसेरा मैकोट शहरतारा डोल्पा खण्डको सूचि स्वीकृती हुन छुटेकोले उक्त खण्डको सडक शहिद मार्ग योजनामा सूचि स्वीकृतीको लागि सिफारिस गर्ने निर्णय गरियो । | |
| ६ | विभिन्न ऐन तथा कार्यविधि प्रस्तुत तथा अनुमोदन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको विभिन्न कामकाजमा सहजताको लागि निर्माण भएका तपसिलका कार्यविधिहरु प्रस्तुत गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।<br>तपसिल<br>१. बेरुजु फस्योँट कार्यविधि २०८२<br>२. लेखा समिति गठन तथा सञ्चालन कार्यविधि २०८२<br>३. पुथा उत्तरगङ्गा गाउँपालिका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बजेको विधेयक २०८२<br>४.खरिद नियामावली संसोधन २०८२<br>५. अध्यक्षसँग विद्यार्थी कार्यक्रम सञ्चालन कार्यविधि २०८२<br>६. युवा लक्षित सीपमूलक युवा रोजगारी, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०८२<br>७. राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२<br>८. सामुदायीक विद्यालय सञ्चालन तथा व्यवस्थापन र अभिभावक शिक्षा सञ्चालन कार्यविधि २०८२ | |
| ७ | विविध | १. गैर नाफामुखि संस्था दर्ता तथा बहुमुखी क्याम्पस सञ्चालनका लागि पुथा उत्तरगङ्गा गाउँपालिकाको मिति २०८२।०४।२८ गतेको गाउँ शिक्षा समितिको निर्णय तथा ४५ औं गाउँ कार्यपालिकाको बैठक निर्णयको अनुमोदन साथै मिति २०८२।०६।०४ गतेको पुथा उत्तरगङ्गा गाउँपालिकाको आमभेलाको निर्णय तथा क्याम्पस निर्माण तथा सञ्चालक समितिको मिति २०८२।०९।०७ गतेको बैठक निर्णयानुसार क्यामपसको नाम श्री तकसेरा बहुमुखि क्याम्पस साथै ठेगानामा पुथा उत्तरगङ्गा गापा - १०, तकसेरा, रुकुम (पूर्वी भाग) राख्ने निर्णयलाई अनुमोदन गरी क्याम्पस सञ्चालनका लागि गाउँपालिकाबाट निर्णय सहित सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।<br><br>२. पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका साना तथा मझौला लघु जलविद्युत आयोजनाहरुको मर्मत संभार तथा उक्त आयोजनाबाई संकलन भएको महशुल जम्मा गर्नका लागि उर्जा कोष स्थापना गर्ने निर्णय गरियो । | |

| | | | |
|---|---|---|---|
| | | ३. पुथा उत्तरगङ्गा गाउँपालिकाको पुथा क्षेत्रका विद्यार्थीहरुलाई तकसेराको महेन्द्र माद्यामिक विद्यालयमा रहेको SEE परिक्षा केन्द्रमा आइ परिक्षा दिदा विद्यार्थीहरुलाई आर्थिक भार पर्ने भएको हुँदा पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५ हुकाममा रहेको देउराली माद्यामिक विद्यालयलाई SEE परिक्षा सञ्चालनको उपकेन्द्र स्थापनाका लागि पहल गर्ने निर्णय गरियो । | |

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत